**१९. निर्देशन दिन सक्नेः** (१) कार्यपालिकाले सञ्चालक समितिका काम कारवाहीका सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**२०.कोष खारेजी हुन सक्नेः**

क) कोष संचालन गर्न आवश्यक नठानेमा नगरसभाको निर्णयकाट उक्त कोष खारेज गर्न सकिनेछ ।

ख) उपदफा (क) बमोजिम कोष खारेज भएमा कोषको रकम हस्तान्तरण सम्बन्धी निर्णय नगरकार्यपालिकाको बैठकबाट हुनेछ ।

## परिच्छेद ३
## विविध

**२१ विविध :**

१ बाझिएको हद सम्म अमान्य : यो कार्यविधिमा उल्लेखित प्रावधान संघिय तथा प्रदेश कानून संग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

२ भए गरेको मानिने : यस अघि यस नगरपालिकाबाट यस सम्बन्धि भए गरेका काम कारवाहि यसै बमोजिम भए गरेको मानिनेछ ।

३ वाधा अडकाउ फुकाउने : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा वा संसोधन गर्नु परेमा नगरकार्यापालिकाले आवस्यक संसोधन गर्न सक्नेछ ।

प्रमाणिकरण मिति : २०७७/०९/२३

आज्ञाले
तारानाथ पनेरु
प्रमुख प्रशासकिय अधिकृत




# परशुराम नगरपालिकाबाट प्रकाशित

**खण्डः ३ संख्याः ८ मितिः २०७७/०९/२४**

**जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल**


## भाग २

## स्थानीय सरकार

## लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७

**प्रस्तावनाः** नेपालको संविधानमा लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलाहरुलाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धि हक, राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्वान्तको आधारमा सहभागी हुने लगायतका मौलिक हकको प्रत्याभूत गरी महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव तथा हिंसा जस्ता जघन्य अपराधलाई दण्डनीय बनाई लैगीक हिंसा निवारण गरी पीडितलाई क्षतिपूर्ति दिलाउने र शिक्षा, स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षामा विशेष अवसरद्वारा लैंङ्गिक समानता कायम गर्ने व्यवस्थालाई कार्यान्वयन गर्न लैंङ्गिक हिंसा निवारणका

लागि कोष स्थापना गरी पीडितलाई राहत वितरणका लागि लैङ्गिक हिंसालाई निरुत्साहित गर्न वाञ्छनीय भएकोले, परशुराम नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी परशुराम नगरपालिकाले यो नियमावली बनाएको छ ।

## परिच्छेद १

## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कायविधिमा,

(क) "कार्यालय" भन्नाले परशुराम नगरपालिका नगर कार्यपालिकाका कार्यालय सम्झन पर्छ ।

(ख) "कोष" भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झन पर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्छ ।

(घ) "सञ्चालक समिति" भन्नाले नियम ८ बमोजिम गठीत राहत तथा आर्थिक सहयोग समिति सम्झनु पर्छ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थल, सार्वजनिक स्थल, घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुन हिंसा सम्झनु पर्छ ।

(च) "कार्यपालिका" भन्नाले परशुराम नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(छ)" नगरप्रमुख" भन्नाले परशुराम नगरपालिकाको नगरप्रमुख लाई सम्झनुपर्छ ।

(ज)" नगर उपप्रमुख" भन्नाले परशुराम नगरपालिकाको नगर उपप्रमुख लाई सम्झनुपर्छ ।





(२) उपदफा (१) बमोजिमका अवस्था परी समितिको अध्यक्षबाट पीडितलाइ रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराईएपछि वस्ने समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१३. थप रकम निकासा माग गर्न सक्ने :** (१) कोषमा रहेका रकम अपर्याप्त भएमा रकम अपर्याप्तताको कारण खुलाइ समितिले थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भइ आएमा नगरकार्यपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

**१४. छुट्टै खाता खोल्नु पर्ने :** (१) नगरपालिकाबाट प्राप्त भएको रकम कुनै नजिकको बैंकमा छुट्टै खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको खाता सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

**१५. कोषको लेखा र लेखा परिक्षणः** (१) कोषको आयव्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**१६. आवर्ति (रिभल्भीङ) कोषः** यो कोष आवर्ति (रिभल्भीङ) कोषका रुपमा रहनेछ ।

**१७. प्रतिवेदन पेश गर्नेः** (१) राहत समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (क) बमोजिम समितिले पेश गरेको प्रतिवेदन कार्यपालिकाले सार्वजनिक गर्नेछ ।

**१८. बैठक भत्ताः** समितिका अध्यक्ष वा सदस्यले सो समितिका बैठकमा भाग लिए वापत नगरकार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वाफत पाउनेछन ।

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीका रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) समितिले तोके बमोजिमका अन्य कामका लागि कामका प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ,

(२) उपनियम (१) बमोजिमका रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सा व्यहोरा मनासिव देखिएमा सञ्चालक समितिले त्यस्तो पीडितलाई मनासिव रकम थप गरी दिन सक्नेछ ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिन पर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित वा न्यायिक समितिको सिफारिस मार्फत महिला तथा बालबालिका शाखामा निवेदन दिन पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गदा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नपर्ने देखिएमा सञ्चालक समितिले नियम १० को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१२. तत्काल रकम उपलव्ध गराउन सक्नेः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिका अध्यक्षले सो प्रयोजनका लागि कोषबाट रु १०,०००।- (रु. दश हजार मात्र) नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ ।





(झ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले परशुराम नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(ञ) "शाखा" भन्नाले परशुराम नगरपालिकाको महिला तथा वालवालिका शाखालाई सम्झनुपर्छ ।

## परिच्छेद २

## कोष सम्बन्धी ब्यवस्था

**३. कोषको स्थापनाः** (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन :-

(क) परशुराम नगरपालिका बाट प्राप्त रकम,

(ख) विदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुन स्रोतबाट प्राप्त रकम,

ङ) बैंक खातामा रहेको मौज्दातबाट प्राप्त ब्याज रकम ।

(३) उपनियम (१) बमोजिमका रकम बैंकमा छुटै खाता खोलीजम्मा गरिनेछ ।

**४. कोषमा रकम जम्मा गर्नः** महिला हक हित र संरक्षणका लागि नगरपालिकाले बार्षिक रुपमा तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाइ कोषमा रकम जम्मा गर्नुपर्नेछ ।

**५. कोषको उपयोग :** (१) कोषको रकम देहायका कामका लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) तत्काल उद्धार गर्न,

(ख) औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्स प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजी (सिड मनि) को रुपमा प्रदान गर्न,

(च) पुनर्स्थापना गराउन,

(छ) पीडितका लागि सञ्चालक समितिले तोके बमोजिमका अन्य काममा,

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगी भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिइ कोषको रकम खर्च गर्न सक्नेछ ।

**६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने:** (१) कोषका रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको बैठक
सञ्चालन गर्न लाग्ने खर्चका लागि कोषका रकम उपयोग गन सकिनेछ ।

**७. कार्यालयलाई रकम उपलब्ध गराउने:** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि स्थानीय तत्काल उद्धार तथा राहत समितिले कोषबाट कार्यालयका नाममा रकम निकाशा दिनेछ ।

**८.सञ्चालक समितिको गठन:** (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतका लागि स्थानीय तहमा तत्काल उद्धार तथा राहत सञ्चालक समिति रहनेछ ।

(२) स्थानीय तहमा तत्काल राहत तथा उद्धार सञ्चालन समितिको गठन देहाय बमोजिम हुनेछ:

(क) नगर उप-प्रमुख -अध्यक्ष

(ख) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

(ग) संयोजक सामाजिक विकास समिति -सदस्य

(घ) प्रमुख, इलाका प्रहरी कार्यालय -सदस्य

(ङ) नगरकार्यपालिकाले तोकेका कार्यापालिका सदस्य (महिला २ जना)-सदस्य

(च) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत स्थानीय तहमा गैर सरकारी संस्थाहरु मध्येबाट समितिले तोकेका संस्थाका प्रतिनिधि एक जना -सदस्य

(छ) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

(ज) महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य सचिव



(खण्ड: ३ संख्या: ८ मिति: २०७७/०९/२४

(३) उपनियम (२) का खण्ड (घ) बमोजिमको सदस्यका पदावधि ३ बर्षको हुनेछ ।

(४) समितिको सचिवालय नगरपालिकाको महिला तथा बालबालिका शाखा कार्यालयमा रहनेछ ।

(५) समितिका बैठक सम्वन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. समितिको काम, कर्तब्य र अधिकार:** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

(ग) स्थानीय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु
बीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुन नदिनका लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

**१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमका हद र आधार:**

(१) यस नियमावली बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायका आधारमा देहायका रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नुपर्ने भएमा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्न भाडा रकम, खाना खर्च वापत र बास बस्नुपर्ने भए सो वापत छुटै रकम दिने,

(ख) पीडितलाई अस्पतालमा भना गरी औषधी उपचार गर्नुपर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नुपर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्न परेमा बढीमा तीन दिनको बास खर्च र उपचार खर्च समेत उपलब्ध गराउने,